# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस नोट

१३ जेठ, २०७७

## राष्ट्रिय मानव अधिकार आयोग एक्काइसौं वर्षमा प्रवेश

मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने कर्तव्यका साथ मानव अधिकार आयोग ऐन र संयुक्त राष्ट्र संघको पेरिस सिद्धान्त अनुसार २०५७ साल जेठ १३ गते स्थापित स्वतन्त्र र स्वायत्त राष्ट्रिय मानव अधिकार आयोग आज २० वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको छ । यसै सन्दर्भमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले आज एक मन्तव्य दिँदै कोरोना भाइरसको महामारीको कारण विश्वमा मानव जातिको जीवन सङ्कटमा परेको विषम परिस्थितिमा विश्वका सबै राष्ट्रहरू मानवजातिको जीवन रक्षाको लागि तत्पर र अग्रसर रहेको अवस्थामा आयोग पनि आफ्नो संवैधानिक कर्तव्यबाट विमुख नभई मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि तल्लीन रहेको बताउनुभएको छ ।

अध्यक्ष शर्माले बन्दाबन्दीको कारण साना व्यवसाय तथा दैनिक ज्यालामजदूरी गरी खानेहरूको जीवन कठिन भएको, दीर्घ रोगी, गर्भवती, सुत्केरी महिला, बृद्धबृद्धा र बालबालिकाहरूलाई नियमित स्वास्थ्य उपचारमा कठिनाइ उत्पन्न भएको, अहोरात्र खटिरहेका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, स्वयम्सेवक र राष्ट्रसेवक कर्मचारीहरू बढी जोखिममा रहेको, महिला तथा बालबालिका माथि हिंसा र आत्महत्याका घटनाहरु नियन्त्रण हुन नसकेको, क्वारेण्टिनको व्यवस्थापनमा कमजोरी देखिएको, कृषि उत्पादन तथा मल बीऊ प्राप्तिमा किसानहरूलाई कठिनाई उतपन्न भएको बताउनुभयो । साथै उहाँले यस्तो परिस्थितिमा सरकारी निकायहरुबाट प्रवाह हुने सेवा तथा कार्यक्रमहरु महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत, वञ्चितीकरणमा परेका र पछाडि पारिएका समुदायको जीवनस्तरमा सुधार ल्याउने गरी मानव अधिकारमुखी पद्धतिबाट लागू गर्न, संघ, प्रदेश र स्थानीय तहहरूमा सुविधासम्पन्न अस्पतालहरूको व्यवस्था मिलाउन र सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीहरूको सेवा सुविधामा विशेष ध्यान दिन नेपाल सरकारको ध्यानाकर्षण गराउनुभयो ।

आयोग स्थापनादेखि हालसम्म आयोगमा १२,८२२ मानव अधिकार उल्लंघनका उजुरीहरु दर्ता भएकोमा तीमध्ये आयोगले १,१८६ उजुरीहरुमा मानव अधिकार उल्लंघन भएको विषयमा निर्णय गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गरेको, तर सिफारिको पूर्ण कार्यान्वयन ११ प्रतिशत मात्र रहेको तथा आंशिक कार्यान्वयन ३९ प्रतिशत र ५० प्रतिशत अझै पनि विचाराधीन अवस्थामा रहेको छ । मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा तथा मानव अधिकार सम्बन्धी सन्धिजनित समितिहरूबाट नेपाल सरकारलाई गरिएका सिफारिसहरूको समयवद्ध रुपमा कार्यान्वयन गर्नु पनि त्यत्तिकै जरुरी रहेको छ । अध्यक्ष शर्माले आयोगका सिफारिसहरुलाई पूर्ण कार्यान्वयन गर्नुपर्ने सरकारको संवैधानिक र कानूनी दायित्व भए पनि व्यवहारमा कार्यान्वयन अवस्था सन्तोषजनक हुन नसक्नु, दण्डहीनताले निरन्तरता पाइरहनु र संक्रमणकालीन न्यायका विषय सम्बोधन हुन ढिलाई हुनु दुखद् पक्ष रहेको बताउनुभयो । अध्यक्ष शर्माले दिनुभएको मन्तव्यको पूर्ण पाठ संलग्न छ ।

.......................

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org